स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




नाटक 'सेतो धरती' २७ चैतदेखि कान्तिपुर थिएटरमा मञ्चन हुने भएको छ। साहित्यकार अमर न्यौपानेद्वारा लिखित मदन पुरस्कार विजेता पुस्तकमा आधारित हुने यो नाटकबाट फिल्म अभिनेत्री बेनिशा हमालले डेब्यू गर्दैछिन्। रेखाले यसअघि कान्तिपुर थिएटरकै नाटक 'मीरा' बाट रंगमञ्चमा डेब्यू गरेकी थिइन्। नाटकलाई सुन्दर धितालले निर्देशन गर्नेछन्।

आजको विचार...



मेघनाथ दाहाल

आर्थिक...
(दुई पेजमा)



अभिनेता विराज भ को मुख्य अभिनय रहेको फिल्म 'राम नाम सत्य' आगामी शुक्रबारदेखि प्रदर्शनमा आउँदैछ। एक्सनप्रधान ट्रेलर सार्वजनिक गरिएको थियो। यद्यपि, फिल्ममा एक्सनमात्रै नभएको विराजले बताए। आयोजित ट्रेलर रिलिज कार्यक्रममा बोल्दै विराजले एक्सनले मात्रै फिल्म नचल्ने धारणा राखे। एक्सन फिल्म भन्ने वितिकै हामी खाली फाइटलाई मात्रै बढी दिमागमा राख्छौं। कथावस्तु हुनुपर्छ, इमोशन हुनुपर्छ, विराजले भने, एक्सन पनि इमोशनसँग रिलेटेड हुनुपर्छ।

❒ वर्ष ३१ ❒ अंक २५० ❒ २०८२ चैत २५ गते बुधबार 8 April 2026, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाल्पासहित समग्र प्रदेशको विकासका लागि सांसद रानाले गराए प्रधानमन्त्रीको ध्यानाकर्षण

## यस्ता छन् विकासका ३१ बुँदे योजना

**रामचन्द्र रायमाझी**

**पाल्पा,** चैत २४/पाल्पा क्षेत्र -१ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य सन्दीप रानाले पाल्पासहित लुम्बिनी प्रदेशको समग्र विकासका लागि विभिन्न महत्वपूर्ण विषय उठाउँदै प्रधानमन्त्री बालेन्द्र शाहसमक्ष ध्यानाकर्षण-पत्र बुझाएका छन् । लुम्बिनी प्रदेशका सांसदहरूसँग सोमबार भएको छलफलमा सांसद रानाले सडक, पूर्वाधार , शिक्षा, स्वास्थ्य, कृषि र प्रदेशको समग्र विकासलाई समेटेर ३१ बुँदे योजना पेस गरेको बताए ।

'सडक, पूर्वाधार, स्वास्थ्य, शिक्षा तथा कृषि क्षेत्रका सुधारका लागि प्राथमिकताका साथ योजना अघि बढाउन आग्रह गरेको छु,' उनले भने । रानाले प्रधानमन्त्री समक्ष पेश गरेका ३१ बुँदे योजनाहरु आफ्नो सामाजिक सञ्जालमा समेत सार्वजनिक गरेका छन् । सांसद रानाले सडक पूर्वाधारतर्फ रामपुर-आर्यभञ्ज्याङ हुँदै कपुरकोट सडक खण्डले पाल्पा, अर्घाखाँची, प्युठान, रोल्पा हुँदै सल्यानको कपुरकोट जोड्ने भएकाले यी पहाडी जिल्लाहरूलाई कृषि अर्थतन्त्रसँग जोड्ने मेरुदण्ड सडकलाई लुम्बिनी प्रदेश सरकारको गौरव योजनामा समावेश गरिए पनि केन्द्रबाट नै प्राथमिकताका साथ ध्यान दिई सडक सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरिदिन माग गरेका छन् । यस्तै उनले प्रभास-माँडीफाँट-कसेनी-रुप्से-देवगीर-झडेवा-रहवास-मटेरी-ताकातुङ-बहादुरपुर-जल्पा-पूर्वखोला-ज्यामिरे-भिरपानी-मित्याल-धर्केसिङ-सहलकोट-वाकामलाङ हुँदै कालिगण्डकी करिडोर सम्म जोड्ने सांस्कृतिक गौरव पर्यटन रिङरोडको रूपमा विकास गर्न अध्ययन तथा अवलोकन नीतिमा समावेश गर्न अनुरोध गरेका छन् । सांसद रानाले पूर्वी पाल्पामा प्राकृतिक तथा सांस्कृतिक पर्यटनको यथेष्ट सम्भावना रहेको निस्दी-काउले वनलाई मध्यनजरमा राखी अरुणखोला-जलुके-मित्याल-ढुंगानाबेसी-बेलडाँडा हुँदै रामपुर जोड्ने सडकलाई स्तरोन्नति सहित कालोपत्रे गर्न आवश्यक बजेट विनियोजन गर्न प्रधानमन्त्री समक्ष माग गरेका छन् । उनले भारत र चीनलाई जोड्ने कालीगण्डकी करिडोर राजमार्गलाई भारत तथा चीनसँगको परस्पर व्यापारका लागि मुख्य वाणिज्यिक राजमार्गको रुपमा विकास गरी नेपालले ट्रान्जिटको लाभ लिनको लागि अधुरो रहेको सडक खण्डलाई शीघ्र सम्पन्न गर्न पनि आग्रह गरेका छन् । रानाले केलादी-पन्थे-सहलकोट हुँदै झ्यालबास जोड्ने सडकको स्तरोन्नतिका लागि अध्ययन तथा अवलोकन नीतिमा समावेश गरिदिन भनेका छन् । यस्तै उनले अगाहाखोला-चिदियापानी फेदी-खहरे हुँदै झडेवा-दुम्कीबास, ताहुँ-ओमभन्ज्याङ-फोक्सिङकोट-रानीवास हुँदै कालिगण्डकीसंग जोडिने सडक र माडी चक्रपथको निर्माण तथा स्तरोन्नतिका लागि आवश्यक बजेट विनियोजन गरिदिन माग गरेका छन् ।



-बाँकी अन्तिम पेजमा...

## सक्षिप्त समाचार

### खाडी राष्ट्रलाई त्रासदी रोक्न इरानको आह्वान

(रासस/एएफपी)

**कुवेत सिटी,** चैत २४/अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको तेहरानलाई सम्झौता गर्न वा नागरिक पूर्वाधारमा आक्रमणको चेतावनी दिने समयसीमा नजिकिँदै गर्दा कुवेतका लागि इरानका राजदूत मोहम्मद तौतुनजीले खाडी राष्ट्रहरूलाई यस क्षेत्रमा 'त्रासदी' हुनबाट रोक्न आफ्ना सबै कूटनीतिक र राजनीतिक प्रयासहरू प्रयोग गर्न आग्रह गरेका छन् । ट्रम्पले तेहरानले मध्यरात (जिएमटी) सम्म होर्मुज स्ट्रेटको रणनीतिक तेल चोकपोइन्टमा स्वतन्त्र मार्ग अनुमति नदिए अमेरिकाले इरानको महत्त्वपूर्ण पूर्वाधारलाई 'पूर्ण विध्वंस' चेतावनी दिएका छन् । तौतुनजीले एएफपीसँग भने, 'हामीलाई आशा छ कि यस क्षेत्रका देशहरूले यस्तो त्रासदी हुनबाट रोक्नका लागि आफ्ना सबै क्षमता प्रयोग गर्नेछन् ।' उनले अमेरिकी आक्रमणले 'क्षेत्रबाट ऊर्जा निर्यातको पूर्ण समाप्ति' निम्त्याउन सक्ने बताए । इरानले एक महिनाभन्दा बढी समयदेखि अमेरिकाका अड्डा र सम्पत्तिमा प्रतिक्रिया स्वरूप ड्रोन र मिसाइल आक्रमण गरेको छ, जसले खाडी क्षेत्रभरि नेतृत्वलाई लक्षित गरेको थियो । यस क्रममा विमानस्थल, तेल र ग्यास पूर्वाधार, स्थल, बन्दरगाह, होटल र आवासीय क्षेत्रहरू समेत प्रभावित भएका छन् ।

**पिनासका लक्षणहरु:**

-नाक बन्द हुनु, नाकबाट श्वास फेर्न गाह्रो हुनु र टाउको दुख्नु,
-आँखाको अगाडी र तलको भाग दुख्नु,
-नाकको छेउछाउ र अनुहार छोएपछि दुख्नु,
-विहानको समयमा टाउको बढी दुख्नु,
-सुँघ्ने शक्ति कमजोर हुनु,
-नाकबाट बाक्लो, पहेंलो सिँगान बग्नु,
-थकान महसुस हुनु, टाउको भारी र शरीर आलस्य हुनु आदी ।

लक्षण देखिएमा नजिकको स्वास्थ्य चौकिमा जाँच गराऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# जमिन बाँझो नराख्न किसानलाई मुख्यमन्त्री आचार्यको आग्रह

**लुम्बिनी,** चैत २४/लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले जमिन बाँझो नराखी उत्पादनमा जोडिन किसानलाई आग्रह गरेका छन् । दाङको देउखुरी क्षेत्रको महत्वपुर्ण सिँचाइ आयोजना प्रगन्ना नहर सरसफाई कार्यक्रमको मंगलबार राप्ती उपत्यका (देउखुरी)मा उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले प्रदेश सरकारले किसानका वास्तविक समस्या पहिचान गरेर ती समस्या समाधानका लागि योजना बनाइरहेको जानकारी दिए ।




उनले देउखुरी क्षेत्रलाई अन्नको भण्डारको रूपमा उल्लेख गर्दै पछिल्लो समय जमिन बाँझो रहने र उत्पादन घट्ने प्रवृत्तिप्रति चिन्ता व्यक्त गरे । तरकारीखेतीमा किसानलाई सक्रिय हुन आग्रह गर्दै स्थानीय बजारमा बाहिरी तरकारीको निर्भरता घटाउन उत्पादन वृद्धि आवश्यक रहेको मुख्यमन्त्री आचार्यले बताए । सिँचाइ सुविधा भए पनि अपेक्षित प्रतिफल लिन नसकिएको उल्लेख गर्दै उनले सबैलाई उत्पादनमुखी बन्न आग्रह गरे । 'कृषिको आधार: सिँचाइमा सुधार'भन्ने मूल नारासहित ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र प्रगन्ना कुलो सिँचाइ प्रणाली मूल समन्वय समिति देउखुरीको संयुक्त आयोजनामा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री सीता शर्मा चौधरीले सिँचाइ सुविधा विस्तारमा सरकार दृढताका साथ अघि बढिरहेको बताइन् । उनले उत्पादन र उत्पादकत्व वृद्धि गर्न सिँचाइको महत्वपूर्ण भूमिका रहेको बताइन् । प्रगन्ना कुलो सिँचाइ प्रणाली मूल समन्वय समितिका अध्यक्ष टङ्कनाथ चौधरीले राप्ती नदीमा हुने अनियन्त्रित उत्खनन्का कारण सिँचाइ प्रणालीमा समस्या देखिएको बताए । उक्त सिँचाइ आयोजनामार्फत हाल पाँच हजार ८ सय हेक्टर जमिनमा सिँचाइ सुविधा पुग्दै आएको छ । कार्यक्रममा मन्त्रालयका सचिव चुर्णबहादुर ओलीले सिँचाइ हुने क्षेत्रफल क्रमश: विस्तार हुँदै गएको जानकारी दिए ।

-रासस

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## दुई दिनको बिदा : कति व्यवहारिक ?

**वर्तमान सरकारले हप्तामा दुई दिन बिदा दिने निर्णय गरेको छ । आइतबार बसेको मन्त्रीपरिषद्को बैठकले गरेको निर्णय कार्यान्वयनमा आइसकेको छ । साविकमा सातामा शनिबार मात्र बिदा हुने गरेकोमा अब आइतबार थपिएको छ । पहिलो नजरमा यो निर्णय आकर्षक, कर्मचारीमैत्री र आधुनिक कार्य–संस्कृतिसँग मेल खानेजस्तो देखिन्छ । विश्वका धेरै देशमा 'फाइभ डे वर्किङ' प्रणाली सफलतापूर्वक लागू भइसकेको सन्दर्भमा नेपालले पनि त्यही अभ्यास अपनाउन खोज्नु अस्वाभाविक होइन । तर, कुनै पनि निर्णयको प्रभाव त्यसको कार्यान्वयन र स्थानीय सन्दर्भसँगको अनुकूलतामा निर्भर हुन्छ ।**

**इन्धन संकट टार्न चालिएको यो कदम कति फलदायी हुन्छ भन्नेमा प्रशस्त संशय छन्। नेपालमा यसअघि वि.सं. २०५६ र २०७९ सालमा पनि दुई दिने बिदाको अभ्यास गरिएको थियो,जुन व्यावहारिक कठिनाइ र प्रभावकारिताको अभावले क्रमशः दुई वर्ष र एक महिनामै खारेज भएका थिए । विगतको अनुभवबाट पाठ सिकेर अघि बढ्नुपर्नेमा पुनः त्यही निर्णय दोहोरिनु नीतिगत कमजोरीको संकेत हो । सरकारले यस्तो निर्णय गर्नुअघि गहन अध्ययन, अनुसन्धान र व्यापक परामर्श गर्नु आवश्यक थियो । सेवाप्रवाहमा पर्ने प्रभाव, आर्थिक गतिविधिमा आउने परिवर्तन, निजी क्षेत्रसँगको समन्वय र सबैभन्दा महत्वपूर्ण, दूरदराजका नागरिकमाथि पर्ने असरबारे विस्तृत विश्लेषण हुनुपर्थ्यो । तर, निर्णय प्रक्रियामा यस्ता आधारभूत पक्षहरू पर्याप्तरूपमा समेटिएको देखिँदैन । जुन कार्यन्वयनमा थुप्रै चुनौतीरु छन । बिहान ९ बजेदेखि कार्यालय खुल्ने नियम बनाईको छ । घरायसी काम र बालबालिकालाई विद्यालय पठाउने चटारोका बीच बिहान ९ बजे कार्यालय वा अदालत पुग्नु कर्मचारी र सेवाग्राही दुवैका लागि सकसपूर्ण छ । अर्को तर्फ इन्धन बचतको लागि भनिएको छ । जुन वास्तविक बचत जनताको व्यवहारमा भर पर्छ । यदि बिदाको दिन नागरिकहरू घुमफिरमा निस्किए वा निजी सवारीको प्रयोग बढाए भने इन्धन खपत घट्ने साटो उल्टै बढ्नसक्छ । तसर्थ यस्तो निर्णय गर्नु अघि व्यापक अध्ययन, परीक्षण र परामर्श अपरिहार्य गर्न जरुरी हुन्छ । सरकारले यो निर्णयलाई तत्काल सच्याउने दिशामा लाग्नु नै अहिलेको लागि व्यावहारिक हुन्छ ।**

## Opinion @ Social Network

यहाँ सम्बन्ध निभाउन नसकेर होइन
अक्सर सम्बन्ध बुझ्न नसक्दा टुक्रदा रहेछन् ।
*(सुनिल परियारको फेसबुक स्टाटसबाट www.facebook.com/Sunil.Pariyar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आर्थिक चुनौतीबीच नयाँ सरकार



**मेघनाथ दाहाल**

***सरकारको भूमिकालाई नजरअन्दाज गर्न खोजिएको होइन । आजको दिनमा नेपाली जनता २० प्रतिशत निरपेक्ष गरिबीको रेखामुनि छौं । खाद्यसुरक्षा भारतीय उत्पादन तथा निर्यात अनुमतिमा भरपरेको छ । 'नेपाल मात्रका लागि' भनेर ट्याग लगाइएका धेरै वस्तु तथा सेवाहरूको उपभोगमा बाध्य भएर रमाउनुपरेको छ । सुशासन र भ्रष्टाचारको विषयलाई सरकारमा गएकाहरूले सहज र हल्का रूपमा लिएर छलफल गरेको देखिन्छ । औसतमा निजी क्षेत्रभन्दा सारकारी सेवा नराम्रो भन्न सकिँदैन । हालको जीवनशैली, बढ्दो आकांक्षा, बजार, मुद्रास्फीतिलगायत अन्य पक्षहरूको हकमा सरकार समयानुकूल जान सकेको छैन ।***

राजनीतिक रूपमा मुलुकले नयाँ दल र प्रतिनिधिहरूको चयनको साथमा १५ सदस्यीय मन्त्रिमण्डल प्राप्त गरेको छ । स्थिर सरकार पाउने कल्पनामा सर्वसाधारणले अमूल्य मतको प्रयोगको साथले रास्वपालाई सरकार सञ्चलनको सहज अवस्थामा संसद्मा पुर्‍याइदिएका छन् । रास्वपा स्वयंलाई शायद यस स्तरको अनुमान थियो भन्न सकिँदैन । यद्यपि उपसभापतिले भने निर्वाचनको परिणाम आउनुभन्दा केही समयअघि कूल १८४ सिटमा विजय हुने कुरा गर्नुभएको थियो तर सो कुरालाई चुनावी फण्डाको रूपमा हेरियो । जनताको अभिमत अत्यन्तै मूल्यवान एवं बोझिलो हुने छनक रास्वपाले अनुभूति गरिसकेको छ । हिजोका दिनमा जनताप्रति उत्तरदायित्व भएको जो कोहीले जिम्मेवारीपनको रियलाइजेसन गर्न सकेको भए आज नेपालीहरूको अवस्था आर्थिक रूपमा निकै माथि हुने थियो । नेपालको सत्ता राजनीतिको अनुभवमा कमी भएको र सबै दल, विभिन्न खेमा, पेशा व्यवसायबाट आएर एकाएक राजनीतिका हिरो भएकाहरूको समूह भएकोले नेपाली राजनीतिलाई नजिकबाट नियालेकाहरूले झट्ट विश्वास गर्न सकिँदैन भन्ने गरेका छन् । समय-समयमा नेपाली यस किसिमका बहुमतसहितको मतबाट आशातीत उपलब्धि नभएका कारण अबका दिनप्रति पनि शंकाको दृष्टिले नजर लगाइरहेको अवस्था छ । व्यावसायिक लगानीको माध्यमले आर्थिक वृद्धिलाई अघि लैजाने हो भने विद्यमान ऐन, नियम तथा कार्यविधिमा सुधार नगरी हुँदैन । सडकको विस्तार, जलविद्युत परियोजनामा सामुदायिक वन बाधक छन् । औद्योगिक विस्तारमा जमिनको उपलब्ध, चर्को मूल्य, नयाँ जलविद्युत परियोजनाको हकमा अनावश्यक राजनीति र तल्लो तटीय क्षेत्र तथा धेरै कानुनको परिमार्जन आवश्यक देखिन्छ । गुणस्तरीय सडक चाहिएमा केही रूख काट्न तयार हुनैपर्छ । साथमा खाली जमिनमा रूख रोप्नु पर्दछ । जलविद्युत परियोजना चाहिएमा असरपरेका जनतालाई परियोजनामार्फत क्षतिपूर्ति दिन/दिलाउन तत्पर हुनैपर्छ । कम्पनीको दर्ता तथा खारेजीमा देखिने असहज परिवेश तथा नियमको एकसाथ परिमार्जनले मात्र व्यावसायिकतामा सहज वातावरणको निर्माण भएर जान्छ । जग्गाको वर्गीकरणको कथा सुन्न लायक भएको छ । यतिका वर्षमा ७५३ स्थानीय तहमध्ये ५० प्रतिशतले पनि यो काम फत्ते गर्न सकेका छैनन् । सबै खालका जमिनमा एकै किसिमको कर तथा व्यवहारले न कृषि उत्पादनमा वृद्धि ल्याएको छ न त सरकारी करको विस्तारमै सहयोगी हुनसक्छ । घरजग्गा व्यवसायले उचित लगानी तथा आकर्षण पाउन सक्दैन । सरकारले अबको पाँच वर्षमा राजस्व परिचालनमा कम्तीमा आजको अंकको दुईगुणा वा २० खर्बको अंकमा कृषि उपजको उत्पादन १५० प्रतिशतले वृद्धि गर्न नसकेमा अर्को आन्दोलन राजनीतिक प्रकृतिको नहोला तर आर्थिक प्रकृतिको हुनेछ । युवाहरूको रोजगार तथा आयआर्जनको अभावको विकाराल अवस्थाको छ । सरकारले केही काम तत्काल सुरु गरेको छ तर यसको परिणाम आउन समय लाग्छ । आर्थिक जर्जरताले सिर्जना गरेको समाजको परिवेश राजनीतिले तीन दशकअघि नै भोगिसकेको हो । यसैकारण केही सकारात्मक काम सुरु भएका थिए । यदि नीतिगत रूपमा अर्थतन्त्रलाई माथि उकास्न नसकेको भए नेपाली अर्थतन्त्र आजको स्वरूपमा जान सक्दैनथ्यो । निजी क्षेत्रको क्षमता, सीप तथा वित्तीय लगानीका लागि सरकारले सिर्जना गर्ने वातावरण तथा नीतिगत परिवर्तन मुख्य जिम्मेवार पक्ष हुन् । सरकारको भूमिकालाई नजरअन्दाज गर्न खोजिएको होइन । आजको दिनमा नेपाली जनता २० प्रतिशत निरपेक्ष गरिबीको रेखामुनि छौं । खाद्यसुरक्षा भारतीय उत्पादन तथा निर्यात अनुमतिमा भरपरेको छ । 'नेपाल मात्रका लागि' भनेर ट्याग लगाइएका धेरै वस्तु तथा सेवाहरूको उपभोगमा बाध्य भएर रमाउनुपरेको छ । पर्यटन उद्योबाट वार्षिक रूपमा भित्रिने पर्यटकहरूको संख्याको मात्र विषयले छलफलमा प्रवेश पाउँछ तर वास्तविकता गुणस्तरीय पर्यटक जो सज्जन तर खर्च गर्नसक्ने क्षमताको छ, उसलाई ल्याउन सक्ने व्यक्ति तथा संस्थाको आवश्यकतालाई नेपाली अर्थतन्त्रले खोजिरहेको छ । सुशासन र भ्रष्टाचारको विषयलाई सरकारमा गएकाहरूले सहज र हल्का रूपमा लिएर छलफल गरेको देखिन्छ । सरकारका सबै गतिविधि सरकारी संयन्त्र खासगरी सरकारको ढुकुटीबाट सेवासुविधा लिनेहरूमार्फत सम्भव हुन्छ । औसतमा निजी क्षेत्रभन्दा सारकारी सेवा नराम्रो भन्न सकिँदैन । हालको जीवनशैली, बढ्दो आकांक्षा, बजार, मुद्रास्फीतिलगायत अन्य पक्षहरूको हकमा सरकार समयानुकूल जान सकेको छैन । सरकारी ढुकुटीलाई कमजोर देखाउने तर पहुँचवालाको रगजग फरक देखिँदा समस्या भएको हो । नेपाल सरकारको सेवासुवधामा मात्र रहेर कुन सरकारी कर्मचारीले जीवन धान्न सक्ला ? यस विषयमा सरकारमा बसेकाहरूले सोच्नु पर्दैन ? अनियमितताका लागि छुट दिनुपर्छ भन्न खोजेको होइन । सूचनाको सहजताले संसार सानो भएको छ । छिमेकी मुलुक तथा विश्व बजारमा ज्यालादरमा भएको परिमार्जनका बारेमा सबै सहज रूपमा जानिफकार अवस्था छ । नयाँ सरकारले राजस्व परिचालनमा चमत्कारी काम गरी चुहावट कम गर्दै यथार्थपरक ढंगमा काम गरेमा नेपालको राजस्व परिचालन १८ खर्बभन्दा माथि जाने सम्भावना छ । यदि यसो हुनसकेमा सरकारी बेतनभोगीहरू न्यूनतम सुविधा च्याँखे दाउमा आँखा लाउनु नपर्ने र सेवासुविधा तथा भ्रष्टाचारजन्य गतिविधिमा कमी ल्याउन सकिन्छ । यस्तो कदापि नहोस् । जनताहरूको अभिमतको पाप लाग्छ । प्रहरी महानिरीक्षकको गला अवरुद्ध किन भयो ? सरकारले बुझ्न आवश्यक छ । यसभन्दा दयनीय अवस्था सैनिकहरूको देखिन्छ । विश्वविद्यायमा प्राध्यापकहरूको अवस्था अझ नाजुक छ । सरकारले यसबारेमा गहन रूपमा सोच्ने अवस्था छ । कृषि र उद्योगलाई एकीकृत रूपमा लैजाने मोडलको विकास पहिलो आवश्यकता हो । हाल ग्रामीण जनसंख्या र विदेशबाट फर्किएपछि गर्ने पहिलो काम कृषिमा आधारित हो । नेपालको सामाजिक सांस्कृतिक धार्मिक आर्थिक तथा राजनीतिक पक्षको उद्गम बिन्दु कृषि भएकाले वाग्लेको टिमले कसरी काम गर्छ । भोलिको रास्वपाको राजनीति अडिने देखिन्छ, किनभने नेपालीहरूको राजनीतिक चेतनाको बारेमा अब धेरै प्रशिक्षणको आवश्यकता देखिँदैन । 'कुराले मात्र चिउरा भिज्दैन' भन्ने कुराको प्रमाण सर्वसाधारणहरूको अभिमत र मतपरिणामले राम्रोसँग प्रष्ट्याएको छ । तराई भित्री मधेस, बेंसीलगायत पहाडका टारमा राम्रोस्तरमा खेतीपाती हुने गरेकोमा हालका वर्षमा किन जग्गा बाँझो भइरहेको छ जान्न आवश्यक छ । युवा जनशक्ति किन किसानी पेशाबाट भागिरहेको भन्ने विषयमा जानकारी नराखे तथा सरकारी सहयोग नभए एकदशकभित्र बाँकी मधेस तथा समथर फाँटमा धानको खेती हुन छोड्छ । नेपालमा भएका कृषिमा आधारित उद्योगको संस्थागत विकासका लागि कृषि अपरिहार्य छ भने पर्यटनलाई संस्कृति तथा समाजको बहुलतासँग जोडेर व्यावसायिकता दिन सकिन्छ ।

वैकल्पिक वित्तको जोहो सरकारको अर्को चुनौती हो । नेपालजस्तो मुलुकको हकमा प्रत्येक विकास निर्माण तथा नयाँ साना ठूला परियोजनामा आवश्यक वित्तको जोहो गर्ने काम पेचिलो हुनेगरेको पाइन्छ । सरकारको विश्वसनीयतामा कतिपय प्रयोग नभएका सरकारी, अर्धसरकारी तथा निजी सार्वजनिक संस्थाहरू जस्तो नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोषलगायत सैनिक कल्याणकारी कोष जस्ता संस्थामा जम्मा भएको रकम विकास निर्माणमा उपयोग गर्न सकिन्छ तर सरकारको कामकारबाही मुख्य जिम्मेवार रहन्छ । अलावा एनआरएनएहरूको कमाइ र अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूसँगको सहकार्य पर्दछन् । वैकल्पिक आवश्यकता देखिएको छ भने आजको भोलि अर्थतन्त्रमा चमात्कारिक सुधार हुँदैन । पुँजीगत लगानी तथा राजस्व परिचालन सहज रूपान्तरण देखिँदैन । आर्थिक पक्षमा समयसापेक्ष सुधारको पहिलो शर्त राजनीतिक स्थिरता र संयमपूर्ण व्यवहारहको आवश्यकता हुनेभएकाले राजनीतिको बागडोरमा बसेकाहरूले ध्यान दिनु जरुरी छ । जसरी हालको सरकार हिजोका सरकार र सरकारी पदहरूमा बसेकाहरूमाथि 'तातै खाऊँ जली मरूँ' भने जसरी प्रस्तुत भइरहेको छ, यसले कहीं कतै वातावरण अझ बिगार्ने हो कि ? लगानीबिनाको विकास र विकासबिनाको रोजगार तथा आयस्तरमा बढोत्तरीको आशा गर्नु मरुभूमिमा भैंसीपालन जस्तो हो । कानुनी आधार, विधिको शासनमा सबैले बाँधिनुपर्दछ, प्रजातन्त्रको संस्थागत विकास, सर्वसाधारणको जीवनस्तरमा सुधारको अपेक्षा गर्न सकिन्छ । राजनीतिक तिक्डमबाजीहरूमा धेरै विषय जायज हुने रोगले नेपाली मानसिकताले काम गरेका कारण विगत ३०/३५ वर्षमा केही भएन भन्ने भाष्य सिर्जना गरिएको हो । शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, सामाजिक क्षेत्रलगायतमा आधारभूत कामको थालनी भएका छन् । सुशासन, इमानदारीको साथमा सही व्यक्ति, सही पद, सही समयको गतिमा सरकार संयम भएर अघि जाने काम गर्न धेरै व्यवधान आउँछन् जस्तो देखिएको छैन । आखिर जनताले चाहेको यही हो तर सरकारले निर्णयहरू गर्दा परिपक्कवता र दीर्घकालसम्म स्थायी हुने गर्न आवश्यक छ ।*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : क्रियाशीलतामा कमी आउनेछ। मनमा नयाँ योजना र लक्ष्यहरू आउनेछन्।
**वृष** : नोकरी वा पेशागत क्षेत्रमा केही नयाँ अवसरहरू देखा पर्न सक्छन्।
**मिथुन** : स्वास्थ्यलाई विचार गर्दा शरीर र टाउको दुख्ने समस्या देखिन सक्छ।
**कर्कट** : परीक्षा या अध्ययन सम्बन्धी काममा सफलता मिल्ने संकेत छ।
**सिंह** : परिवारका सदस्यहरूसँग सल्लाह गरेर निर्णय लिनु राम्रो रहनेछ।
**कन्या** : विद्यार्थीहरूको अध्ययनमा ध्यान केन्द्रित हुनेछ। स्वास्थ्य सबल रहनेछ।
**तुला** : नयाँ योजना बनाउँन र परियोजना सुरु गर्न अनुकूल समय रहेको छ।
**वृश्चिक** : मान प्रतिष्ठामा वृद्धि हुनेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ।
**धनु** : जोखिमपूर्ण निर्णय लिनदेखि बच्नुहोस्। आर्थिक क्षेत्र कमजोर रहनेछ।
**मकर** : करियरको क्षेत्रमा प्रगति हुनेछ। आर्थिक पक्षमा स्थिरता आउनेछ।
**कुम्भ** : आय आर्जन गर्ने स्रोतहरू खुल्नेछन्। कार्यक्षेत्रमा मनोबल उच्च रहनेछ।
**मीन** : चिताएको कार्य सम्पादन गर्न सकिनेछ। अध्ययनशील प्रवृत्तिले फाइदा दिलाउनेछ।

## कला मनोरञ्जन

# आयुषलाई प्रश्न 'टिकटकका फलोअर्स हलसम्म आउलान् ?'



टिकटकबाट उदाएका धेरै कलाकारले फिल्मसम्मको यात्रा तय गरिसकेका छन् । अब अर्का टिकटक स्टार आयुष सिंह ठकुरी पनि फिल्ममा देखिँदैछन् । उनको डेब्यू फिल्म 'राम नाम सत्य' यही चैत २७ गतेबाट प्रदर्शनमा आउँदैछ । फिल्मको ट्रेलर हेर्दा उनी विराज भट्ट वा सुशील श्रेष्ठमध्ये एकको युवावस्थाको भूमिकामा हुनसक्ने अनुमान लगाउन सकिन्छ । फिल्मको प्रदर्शन मिति नजिकिँदै गर्दा आयुष प्रचारमा सक्रिय हुन थालेका छन् । आइतबार काठमाडौंमा आयोजित पत्रकार भेटघाटमा उनी फिल्मलाई लिएर उत्साहित सुनिए । उनले भने- 'यो फिल्मको कथावस्तु मन परेका कारण नै मैले काम गरेको हुँ । मलाई यसअघि पनि धेरै फिल्मबाट प्रस्ताव आएको थियो । तर, 'राम नाम सत्य'को कथाले तान्यो र काम गर्न तयार भएँ ।' फिल्ममा आफ्नो भूमिका दर्शकका लागि सरप्राइज हुने उनको दाबी छ । ट्रेलरमा समावेश आफ्नो संवाद परिवारले समेत विश्वास गर्न नसकेको बताउँदै उनले फिल्मका लागि आफूले निकै मिहिनेत गरेको बताए । उनी भन्छन्, 'मैले फिल्मका लागि सकेको मिहिनेत गरेको छु । फिल्म पनि राम्रो बनेको छ । यसको कथावस्तु एकदमै बलियो छ । फिल्मले दर्शकलाई निराश बनाउँदैन ।' आयुषका लागि सबैभन्दा ठूलो चुनौती चाहिँ टिकटकका १२ लाखभन्दा फलोअर्सलाई हलसम्म तान्नु देखिन्छ । यसबारे पत्रकारले सोधेको प्रश्नमा उनी भन्छन्, 'विदेशमा बस्ने धेरै नेपालीहरूले नेपालमा रहेका आफन्त र साथीभाइका लागि फिल्मको टिकट खरिद गरिदिने, हल नै बुक गरिदिने भनेका छन् । दर्शकहरू फिल्मप्रति उत्साहित रहेको पाएको छु ।' अब निरन्तर फिल्ममा काम गर्ने योजनामा रहेका आयुषले 'राम नाम सत्य'को सिक्वेल बन्ने खुलासा समेत गरेका छन् । दोस्रो भागमा आफ्नो भूमिका अझै विशेष हुने संकेत गर्दै उनले भने- 'यो फिल्मको सिक्वेल पनि निर्माण हुँदैछ । सिक्वेलमा मेरो भूमिका के हुन्छ भन्ने बुझ्नका लागि पनि दर्शकले फिल्मको पहिलो भाग छुटाउन हुँदैन ।' माइकल चन्दको निर्देशनमा बनेको यस फिल्ममा विराज भट्ट, सुशील श्रेष्ठ, दिव्या रायमाझी, सुपुष्पा भट्ट, आयुषसिंह ठकुरी, सुनिल थापा, प्रशान्त ताम्राकार, खुशी कार्की, दिनेश डिसी, सुधीर श्रेष्ठ, सन्तोष सरकार लगायतको अभिनय रहेको छ । फिल्ममा उपेन्द्र शाही र स्वेता बिमलीको लगानी छ भने किशोर भट्ट, राजेन्द्र भट्ट र अर्जुन सुनार कार्यकारी निर्मातामा छन् ।

*-फिल्मी खबर डटकम*

# निफमा 'राजागंज' सर्वोत्कृष्ट घोषित



नवौं संस्करणको नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ) मा सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय चलचित्रको अवार्ड दीपक रौनियार निर्देशित 'राजागंज': पूजा सर'ले जितेको छ । काठमाडौंको सुन्धारास्थित सिभिल मलमा नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीको प्रमुख आतिथ्यतामा सोमबार भएको समापन कार्यक्रममा उक्त फिल्मलाई ट्रफी र पन्ध्र सय अमेरिकी डलर पुरस्कारले सम्मान गरिएको छ । सर्वोत्कृष्ट राष्ट्रिय चलचित्र पुरस्कार समुन्द्र भट्ट निर्देशित 'गुन्यू चोलो : द ड्रेस'ले पाएको छ । यो फिल्म ट्रफी र एक हजार अमेरिकी डलरले सम्मानित भयो । भट्टले यही फिल्मबाट उत्कृष्ट निर्देशकको अवार्ड जितिन् । यही चलचित्रबाट नाजिर हुसेनले सर्वोत्कृष्ट नायकको अवार्ड जिते । चलचित्र 'कोशेढुङ्गा'बाट सुरक्षा पन्तले सर्वोत्कृष्ट नायिकाको अवार्ड जितिन् । राष्ट्रियतर्फ सर्वोत्कृष्ट पटकथाकारको अवार्ड चलचित्र 'केटी हराएको सूचना'बाट दीपेन्द्र गौचन पाएका छन् । सर्वोत्कृष्ट सिनेमेटोग्राफरको अवार्ड चलचित्र 'कोशेढुङ्गा'बाटै बाबु श्रेष्ठले पाए । दक्षिण एसियाली चलचित्र अन्तर्गतको प्रतिस्पर्धामा नेपाली भाषाको भारतीय चलचित्र 'जार' सर्वोत्कृष्ट घोषित भएको छ । फुर्वा क्षिरिङ लामा निर्देशित यस चलचित्र ट्रफी र पाँच सय अमेरिकी डलरले सम्मानित भएको छ । त्यस्तै, सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय डकुमेन्ट्रीको अवार्ड आइसल्यान्डको 'ग्राउन्ड बिनिथ आवर फिट'ले पाएको छ । इर्सा रोका फ्यानबर्ग निर्देशित यस डकुमेन्ट्रीलाई ट्रफी र एक हजार अमेरिकी डलरले सम्मान गरिएको छ । सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय सर्ट फिल्मको अवार्ड 'सिप'ले पाएको छ । हादी बाबेइफरद्वारा निर्देशित इरानको यस सर्ट फिल्म ट्रफी र पाँच सय अमेरिकी डलरले सम्मानित भएको छ । सर्वोत्कृष्ट एआई थिम्ड सर्ट फिल्मको अवार्ड जितेको 'स्पिरिट अफ द माउन्टेन' ट्रफी र पाँच सय अमेरिकी डलरले सम्मानित भएको छ । यो पाङ जियाद्वारा निर्देशित यो चिनियाँ सर्ट फिल्म हो । सर्वोत्कृष्ट विद्यार्थी चलचित्रको अवार्ड मेक्सिकोको चलचित्र 'पासारिन्हो' घोषित भएको छ । यो चलचित्रलाई पाँच सय डलर र ट्रफीले सम्मान गरिएको छ । सर्वोत्कृष्ट राष्ट्रिय डकुमेन्ट्री दीपक छोदेन लामाद्वारा निर्देशित 'होम इज नट अ प्लेस' र सर्वोत्कृष्ट राष्ट्रिय सर्ट फिल्मको सुरज पौडेलद्वारा 'रिहाना' घोषित भए । यी दुवै ट्रफी र पचास हजार रुपैयाँले सम्मानित भए । डन किहोते सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय चलचित्रको अवार्ड इरानी फिल्म 'माई डटर्ज हेयर'ले पाएको छ । हेसाम फराहमान्दद्वारा निर्देशित यस फिल्मलाई प्रमाणपत्रले सम्मान गरिएको छ । स्पेशल मेन्सन राष्ट्रिय डकुमेन्ट्री डिमा गेलु शेर्पाद्वारा निर्देशित 'एज डे गोज बाइ' घोषित भयो । यसलाई प्रमाणपत्रले सम्मान गरियो । स्पेशल मेन्सन अन्तर्राष्ट्रिय सर्ट फिल्म भारतको 'हाउसकिप्पर' घोषित भयो । सुर्या बालाकृष्णद्वारा निर्देशित यस सर्ट फिल्मलाई प्रमाणपत्रले सम्मान गरियो । स्पेशल जुरी मेन्सन अन्तर्राष्ट्रिय चलचित्र अवार्ड भने चिनियाँ चलचित्र 'द शोर अफ लाइफ' घोषित भएको छ । प्रमाणपत्रले सम्मानीत यस फिल्मको निर्देशक ची झाङ हुन् । प्रमुख अतिथि हार्तम्छालीले अवार्ड कार्यक्रम आयोजना गरी विदेशी फिल्म उद्योगसँग नेपाली चलचित्रलाई जोड्ने र सम्बन्ध विस्तारको काम गरेको भन्दै निफका अध्यक्ष केपी पाठकलाई धन्यवाद व्यक्त गरे । अध्यक्ष पाठकले निफ सफल पार्न सहयोग गर्ने सम्पूर्णमा धन्यवाद व्यक्त गरे । यस संस्करणको निफ चैत १९ गतेबाट सुरु भएको थियो ।

*-रातोपाटी डटकम*

# 'ग्रामीण चलचित्र महोत्सव' को पाँचौं संस्करण सर्लाहीमा



'नेपाल ग्रामीण चलचित्र महोत्सव' को पाँचौं संस्करण आउँदो बैशाखमा हुने भएको छ । बैशाख १५ देखि १७ गतेसम्म सर्लाहीमा यो महोत्सव हुने भएको हो । नेपाली मौलिक ग्रामीण कथावस्तुमा आधारित फिल्मलाई प्रोत्साहन गर्ने उद्देश्यले सञ्चालन हुँदै आएको यो महोत्सव यसपटक मधेश प्रदेशको सर्लाही जिल्ला, चन्द्रनगर गाउँपालिकामा आयोजना गरिने भएको आयोजक संस्था सेलिब्रेटी नेपाल प्रतिष्ठानका अध्यक्ष रघुनाथ सापकोटाले बताए । उनका अनुसार महोत्सव आयोजनाबारे चन्द्रनगर गाउँपालिकाका अध्यक्ष राजकुमार महतोसँग विस्तृत छलफल भई तयारी कार्य अघि बढिसकेको छ । 'हिमाल, पहाड, तराई कोही छैन पराइ' भन्ने मूल नारालाई आत्मसात गर्दै विगतका संस्करणहरू पहाडी क्षेत्रमा सफलतापूर्वक सम्पन्न गरिएको महोत्सव यसपटक तराईमा विस्तार गर्न लागिएको आयोजकले जनाएको छ । ग्रामीण कथा, स्थानीय संस्कृति र समुदाय-केन्द्रित सिनेमालाई प्रवर्द्धन गर्ने उद्देश्य बोकेको महोत्सवले अब तराई क्षेत्रका दर्शक, सर्जक र समुदायलाई समेट्दै 'सबैको सिनेमा, सबैका लागि' भन्ने अवधारणालाई सशक्त बनाउने लक्ष्य लिएको छ । 'हाम्रो गाउँ, हाम्रो कथा, हाम्रो सिनेमा' भन्ने नारालाई सार्थक बनाउँदै गाउँ-गाउँमा सिनेमा पुऱ्याउने अभियानस्वरूप महोत्सव सुरू गरिएको हो । महोत्सवका लागि आह्वान गरिएका नेपाली मौलिक ग्रामीण कथावस्तुमा आधारित फिल्महरूतर्फ फिचर, सर्ट तथा विभिन्न भाषाभाषी फिल्म गरी ५० भन्दा बढी आवेदन प्राप्त भएको आयोजकले जानकारी दिएको छ । तीमध्ये निर्णायक मण्डलबाट छनोट गरिएका फिल्महरू महोत्सवमा प्रदर्शन गरिनेछन् भने उत्कृष्टलाई विभिन्न विधामा अवार्ड प्रदान गरिनेछ । महोत्सवमा ग्रामीण परिवेश झल्किने छोटा फिल्म, डकुमेन्ट्री, फिचर फिल्म तथा विविध भाषाभाषीका फिल्महरू गाउँकै दर्शकमाझ निशुल्क प्रदर्शन गरिनेछ । अफिसियल सेलेक्सन सूची आगामी हप्ताभित्र सार्वजनिक गरिने आयोजकले जानकारी दिएको छ । नेपाली मौलिक फिल्मप्रति दर्शकको आकर्षण बढाउनु, नियमित रूपमा चलचित्र हेर्ने संस्कार विकास गर्नु, ग्रामीण कथामा आधारित सिनेमालाई अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउनु तथा स्थानीय भाषा, कला, संस्कृति र पर्यटनको प्रवर्द्धन गर्नु महोत्सवको प्रमुख उद्देश्य रहेको अध्यक्ष सापकोटाले बताए। उनले भने, 'ग्रामीण कथावस्तुमा आधारित फिल्मलाई प्राथमिकता दिँदै आएका छौं। यसले फिल्म भवन नभएका गाउँका दर्शकलाई पनि सिनेमा संस्कृतिसँग जोड्ने विश्वास लिएका छौं ।' महोत्सवमा फिल्म प्रदर्शनसँगै अन्तरक्रिया तथा विभिन्न संवाद कार्यक्रमहरू पनि समावेश गरिनेछन् । यसअघि महोत्सव गोरखाको लाप्राक, काभ्रेपलाञ्चोकको भकुण्डेबेसी, रामेछाप र रसुवामा सफलतापूर्वक सम्पन्न भइसकेको छ । मधेश प्रदेशमा अपेक्षाकृत कम फिल्म गतिविधि हुने भएकाले यसपटकको संस्करण अझ विशेष रहने विश्वास रहेको महोत्सव संयोजक कमल एक्चै मगरले बताए । महोत्सव चलचित्र विकास बोर्ड र चन्द्रनगर गाउँपालिकाको सहकार्यमा आयोजना हुनेछ । *-सेतोपाटी डटकम*

# नोरा फतेहीलाई भारतले देशनिकाला गर्न लागेको हो ?



बलिउड अभिनेत्री नोरा फतेही र वरिष्ठ अभिनेता सञ्जय दत्त अभिनित कन्नड चलचित्र 'केडी: द डेभिल' को एउटा गीतलाई लिएर उत्पन्न विवादले अहिले कानुनी र राजनीतिक मोड लिएको छ । गीतमा प्रयोग गरिएका 'अश्लील' शब्द र दृश्यका कारण भारतभर तीव्र विरोध भइरहेको छ । विवादको जड चलचित्रको 'आइटम नम्बर' भनिएको गीत 'सरके चुनर तेरी सरके' हो । यो गीत मूल रूपमा कन्नड भाषामा रेकर्ड गरिएको थियो, तर यसको हिन्दी संस्करण सार्वजनिक भएपछि विवाद सुरु भयो । आलोचकहरूका अनुसार गीतका बोलहरू अत्यन्तै भद्दा, द्विअर्थी र यौनजन्य आशयका छन्, जसले महिलाको गरिमामा आँच पुऱ्याएको छ। विशेषगरी गीतमा प्रयोग गरिएका केही हिन्दी शब्दहरूलाई लिएर सामाजिक सञ्जालमा ठूलो आक्रोश व्यक्त गरिएको छ । विवाद चर्किएपछि विभिन्न निकायहरूले कडा कदम चालेका छन् ।

भारतको सूचना तथा प्रसारण मन्त्रालयले यस मुद्दालाई गम्भीरतापूर्वक लिँदै केन्द्रीय फिल्म प्रमाणन बोर्डलाई कडा निर्देशन दिएपछि उक्त गीतको हिन्दी संस्करणलाई युट्युब र अन्य डिजिटल प्लेटफर्मबाट हटाइएको छ । १० जना वकीलहरूको एक समूहले गृह मन्त्रालयमा निवेदन दिँदै नोरा फतेहीको 'श्रम स्वीकृति' रद्द गर्न र उनलाई भारतबाट डिपोर्ट (निकाला) गर्न माग गरेका छन् । उनीहरूले विदेशी नागरिकले भारतीय संस्कृति र शालीनतामा खलल पुऱ्याउन नहुने तर्क गरेका छन् । राष्ट्रिय महिला आयोग र राष्ट्रिय मानव अधिकार आयोगले पनि यस विषयमा उजुरी प्राप्त गरेपछि सम्बन्धित पक्षलाई स्पष्टीकरणका लागि बोलाएका छन् । आफूमाथि चौतर्फी प्रहार भएपछि नोरा फतेहीले एक भिडियो सन्देश जारी गर्दै आफ्नो बचाउ गरेकी छिन् । नोराले यो गीत ३ वर्षअघि कन्नड भाषामा खिचेको र त्यसबेला उनलाई अर्थ सामान्य बताइएको दाबी गरेकी छिन् । हिन्दीमा डब गर्दा र शब्दहरू परिवर्तन गर्दा निर्माण पक्षले उनलाई नसोधेको उनको भनाइ छ । गीतको प्रमोसनमा आफ्नो र सञ्जय दत्तको एआइ-निर्मित तस्बिरहरू बिना अनुमति प्रयोग गरिएकोमा उनले कडा आपत्ति जनाएकी छिन् । हिन्दी संस्करण सुन्नेबित्तिकै आफूले विरोध गरेको र यो गीतको कुनै पनि प्रमोसनमा आफू सहभागी नभएको उनले स्पष्ट पारेकी छिन् । हिन्दी गीतका लेखक रकीब आलमले आफूले ती शब्दहरू नलेखेको दाबी गरेका छन् । उनका अनुसार निर्देशक प्रेमले कन्नड गीतको हुबहु अनुवाद गर्न दबाब दिएका थिए । विवाद बढेपछि निर्देशक प्रेमले सार्वजनिक रूपमा माफी माग्दै गीतमा सुधार गर्ने प्रतिबद्धता जनाएका छन् । यो विवादले आगामी अप्रिल ३०, २०२६ मा प्रदर्शन हुन लागेको चलचित्र 'केडी: द डेभिल' को बक्स अफिसमा कस्तो प्रभाव पार्छ भन्ने चासो बढेको छ । चलचित्रमा धुव सर्जा, सञ्जय दत्त र शिल्पा शेट्टी जस्ता दिग्गज कलाकारहरूको अभिनय रहेको छ । यो घटनाले भारतीय मनोरञ्जन उद्योगमा 'सेन्सरसिप' र कलाकारहरूको 'क्रिएटिभ कन्ट्रोल' (सिर्जनात्मक नियन्त्रण) बारे नयाँ बहस छेडिदिएको छ ।

*-डिसी नेपाल डटकम*

# पाँच दिनदेखि सम्पर्कविहीन बाबुछोरी




**तम्घास,** चैत २४/ गुल्मीमा बाबुछोरी पाँच दिनदेखि सम्पर्कविहीन भएका छन् । जिल्लाको धुर्कोट गाउँपालिका-४ जैसिथोक निवासी अन्दाजी ३५ वर्षीय झम्मन गिरी आृनी तीन वर्षीया छोरीसहित गत शुक्रबारदेखि सम्पर्कविहीन भएका थिए ।

गिरीकी श्रीमतीको एक वर्षअगाडि मृत्यु भएको थियो । त्यसपछि गिरीले वडा कार्यालयबाट गाउँमा आर्थिक संकलन गर्ने उद्देश्यसहित गरिबीको पत्र बनाएका थिए । सोही पत्रका आधारमा चन्दा उठाएर मादक पदार्थ सेवन गरी छोरीसहित झम्मन सम्पर्कविहीन भएको स्थानीय मानबहादुर कुँवरले जानकारी दिए । धुर्कोटकै हुलाकेमा खिचेको उनीहरूको भिडियो यतिबेला सामाजिक सञ्जालमा भाइरल भएको छ । भिडियो भाइरल भएसँगै बाल अधिकारकर्मी, महिला अधिकारकर्मीलगायतले बालिकाको खोजी गरिरहेका छन् । गिरीको घरमा एक वर्षयता बाबुछोरी मात्रै बस्दै आएका थिए । सन्तानमा उनकी एक्ली छोरी थिइन् । जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक नारायण अधिकारीले बाबुछोरीको खोजतलासी गर्ने कार्य जारी रहेको बताए । मातहतका सबै निकायमा जानकारी गराएको र उनीहरूको 'लोकेसन ट्याक' गर्ने काम भएको अधिकारीले जानकारी दिए ।-*रासस*

## खेलकुद समाचार

# पीएम कप क्रिकेट आर्मी शीर्ष स्थानमा उक्लियो



**काठमाडौं,** चैत २४/प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा आज भएका खेलमा त्रिभुवन आर्मी क्लब र एपीएफ क्लब विजयी भएका छन् । वीरगञ्जमा भएको खेलमा आर्मीले कर्णाली प्रदेशलाई १३८ रनले हरायो । आर्मीले दिएको २६९ रनको लक्ष्य पछ्याएको कर्णाली ४२ ओभर १ बलमा १३० रनमा अलआउट भयो । कर्णालीका विपिन शाहीले ४० रन बनाए । आर्मीका शाहब आलम र बसिर अहमदले ३/३ विकेट लिए । यसअघि टस जितेर ब्याटिङ गरेको आर्मीले ४८ ओभरमा सबै विकेट गुमाएर २६८ रन बनायो । आर्मीका अर्जुन साउदले १२१ रन बनाए । कर्णालीका दिनेश अधिकारीले ४ विकेट लिए । यो जीतसँगै आर्मी अपराजित रहँदै ६ खेलमा ११ अङ्कसहित तालिकाको शीर्ष स्थानमा उक्लिएको छ । कर्णाली ७ खेलमा ३ अङ्कसहित नवौं स्थानमा छ । यस्तै जनकपुरमा भएको खेलमा एपीएफले सुदूरपश्चिम प्रदेशलाई ४५ रनले हरायो । एपीएफले दिएको २६० रनको लक्ष्य पछ्याएको सुदूरपश्चिम ४६ ओभर ३ बलमा २१४ रनमा अलआउट भयो । सुदूरपश्चिमका अशोक धामीले ५० रन बनाए । एपीएफका युवराज खत्रीले ५ विकेट लिए । यसअघि टस हारेर ब्याटिङ गरेको एपीएफले ५० ओभरमा ९ विकेट गुमाएर २५९ रन बनायो । एपीएफका सन्दीप जोराले ५५ रन बनाए ।

## अर्थ/कर्पोरेट समाचार

# पेट्रोलियम पदार्थ आयातमा लाग्ने करमा ५० प्रतिशत छुट



**काठमाडौं,** चैत २४/सरकारले पेट्रोलियम पदार्थ आयातमा लगाउँदै आएको भन्सार र पूर्वाधार विकास करमा ५० प्रतिशत छुट दिने निर्णय गरेको छ । मंगलबार बसेको मन्त्रीपरिषद् बैठकले पेट्रोलियम आपूर्ति सहज बनाउन सो निर्णय गरेको हो ।

मन्त्रीपरिषद् बैठकको निर्णय सुनाउँदै संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले १५ दिनयता पेट्रोलियम पदार्थको आपूर्तिका कारण आयल निगम ११ अर्बभन्दा बढी घाटामा गएका कारण मूल्य समायोजन गर्नुपरेको बताइन् । अहिले पूर्वाधार विकास कर प्रतिलिटर १० रुपैयाँ लाग्ने गरेको छ । सरकारले पेट्रोलियम पदार्थको आपूर्तीमा देखिएको समस्यालाई मध्यनजर गर्दै आवश्यक परेको खण्डमा जोर बिजोर प्रणाली लागू हुनसक्ने समेत जनाएको छ । ऊर्जा बचत गर्न सरकारले थोक ब्रिक्रि नियन्त्रण र उच्च पदस्थको इन्धन कटौती समेत भइसकेको जनाएको छ । ईभी पूर्वाधार विकासमा विस्तारका लागि पनि सरकार प्रतिबद्ध रहेको छ । यस्तै, मन्त्रिपरिषद् बैठकले राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा डा गुणाकर भट्टलाई नियुक्त गर्ने निर्णय गरेको छ । बैठकले नेपाल राष्ट्र बैंकको डेपुटी गभर्नरमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक किरण पण्डित नियुक्त गरेको छ । पण्डितले राष्ट्र बैंकको सुपरीवेक्षण विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभागलगायत विभिन्न विभागमा रहेर काम गरेका छन् । यस्तै, मन्त्रिपरिषद्को बैठकले बृहत्तर लुम्बिनी क्षेत्र विकास परियोजनाका लागि विश्व बैंकले प्रदान गर्ने ८५ मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ॠण स्वीकार गर्ने निर्णय पनि गरेको छ । बैठकले ललितपुरको पुल्चोकमा रहेको जलस्रोत तथा ऊर्जा अनुसन्धान केन्द्रलाई ललितपुरकै गोदावरीमा स्थानान्तरण गरी जल तथा ऊर्जा आयोगको सचिवालय कार्यालयलाई पुल्चोकमा हाल जलस्रोत तथा ऊर्जा अनुसन्धान केन्द्र रहेको भवनमा स्थानान्तरण गर्ने निर्णय गरेको छ । समस्याग्रस्ता सहकारी व्यवस्थापन समितिका अध्यक्ष श्रीमणकुमार गौतम र सदस्यहरू ललिताकुमारी महर्जन र ध्रुव आचार्यको राजीनामा स्वीकृत गर्ने बैठकले निर्णय गरेको छ । त्यसैगरी, पूर्वाधार विकासतर्फ नागढुङ्गा सुरुङमार्गको पश्चिम खण्डमा पर्ने धुनिबेँसी नगरपालिका र पासाङल्हामु राजमार्गको वेत्रावती-धुन्चे-स्याफ्रुबेसी सडक खण्डमा पर्ने उत्तरगया गाउँपालिकामा निजी जग्गा प्राप्ति गर्न सरकारले स्वीकृति प्रदान गरेको छ ।

# पाल्पासहित समग्र प्रदेशको...

...यस्तै सांसद रानाले विद्युततर्फ लघु सामुदायिक विद्युत प्रणालीहरूलाई अनिवार्य रूपमा केन्द्रीय प्रसारण लाइनमा जोडी प्रत्येक घरमा पर्याप्त विद्युत आपूर्ति व्यवस्था नीति अनिवार्य रुपमा लागू गर्न माग गरेका छन् । यस्तै स्वास्थ्यतर्फ पाल्पा-स्याङ्जा-तनहुँ-नवलपुर तथा समग्र कालिगण्डकीबासीलाई उपचार सेवा दिइरहेको रामपुर अस्पताललाई ट्रमा सेन्टरको रुपमा विकास गरी विशेषज्ञ चिकित्सक, पर्याप्त दक्ष जनशक्ति र पूर्वाधारसहित सेवा विस्तार,पालिकास्तरीय अस्पतालहरूमा अनिवार्य रूपमा विशेषज्ञ चिकित्सकको व्यस्था, प्रत्येक वडास्तरीय स्वास्थ्य केन्द्रहरुमा एचए तहको स्वास्थ्यकर्मी अनिवार्य रुपमा उपलब्ध गराउन बजेट र नीतिको व्यवस्था गर्न उनले माग गरेका छन् । यस्तै सांसद रानाले शिक्षातर्फ सम्पूर्ण विद्यालयहरुमा माटो सुहाउँदो संस्कारसहितको व्यवहारिक शिक्षा लागू गर्न आवश्यक नीति तथा व्यवस्थापन गर्न, ग्रामीण क्षेत्रमा उच्च शिक्षाका लागि खोलिएका सामुदायिक बहुमुखी क्याम्पसहरूलाई व्यवहारिक तथा प्रभावकारी दक्ष जनशक्ति उत्पादन गर्न सक्षम बनाउँदै शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आवश्यक विशेष बजेट विनियोजन गर्न प्रधानमन्त्री समक्ष माग गरेका छन् । यस्तै कृषितर्फ आफू र आफ्नो परिवारलाई खान पुग्ने अन्न आफैं उत्पादन गर्ने व्यवस्था मिलाउँदै रैथाने बाली संरक्षणलाई बढावा दिई, माटो परिक्षणको आधारमा "एक वडा-एक कृषिबाली उत्पादन नीति" लागू गरी कृषि बाली प्रवर्द्धन तथा व्यवस्थापन, परम्परागत लघु उद्योगहरूलाई प्रवर्द्धन गरी पिछडिएको भनिएका समुदायलाई श्रम तथा सामाजिक सम्मानसहित उद्योग संवर्द्धन एवम् पुनर्स्थापना गर्ने नीति बनाउन, कृषि औजार बनाउने आरन, दैनिक उपभोग्य भाँडा-कुडाँ बनाउने आरन उद्योग, माटोजन्य, काठजन्य, बाँसजन्य दैनिक उपभोग्य भाँडाजन्य वस्तुहरु उत्पादन गर्ने उद्योग, पाल्पाली ढाका उद्योग तथा पाल्पाली करुवा उद्योगलाई प्रवर्द्धन गर्दै पुनर्स्थापनाका लागि प्रोत्साहनमुलक बजेट विनियोजन गर्न पनि उनले माग गरेका छन् । यस्तै पाल्पा-तानसेनस्थित भगवती मन्दिरको जीर्णोद्धार गरी भगवती जात्रालाई राष्ट्रिय उत्सव पर्वको रुपमा मनाउने तथा राष्ट्रिय पात्रोमा सार्वजनिक बिदा दिने प्रावधान गर्न, लोप हुँदै गएको पहाडी काठे गाई, जसको दूध, दही, घिउ तथा गौमूत्र औषधीय गुणयुक्त हुन्छ, यसको पहाडी नस्ल संरक्षणका लागि संरक्षण केन्द्रको स्थापना गर्न आवश्यक बजेट विनियोजन गर्न, भैरहवा अन्तर्राष्ट्रिय विमानस्थललाई व्यवस्थित रुपमा यथाशीघ्र सञ्चालन गर्न,लुम्बिनी विकास क्षेत्रलाई गुरुयोजना अनुसार यथाशीघ्र कार्यान्वयन गरी कार्यसम्पन्न गराउन, कोइलावास नाकालाई पुन: सञ्चालन गरी कोइलावास-भालुवाङ-प्युठान-पूर्वी रुकुम हुँदै डोल्पासम्म पुग्ने सहिद मार्गलाई स्तरोन्नतिसहित कालोपत्रे गर्न, सुनौली र रुपैडिया नाकामा सुख्खा बन्दरगाह विकासलाई प्राथमिकतामा राखी यात्रुहरूको आवतजावतमा आवश्यक सुरक्षा कायम गर्दै सहजताको व्यवस्था गर्न, सीमावर्ती क्षेत्रका बासिन्दाहरूका लालपुर्जावाला जग्गाहरूलाई बैंक तथा वित्तीय कारोबारमा सहज पहुँच सुनिश्चित गराउन, भैरहवास्थित विशेष आर्थिक क्षेत्रलाई मूर्त रुप दिई लुम्बिनी प्रदेशमा अति आवश्यक रहेको कृषि मल कारखाना स्थापना गर्न, रूपन्देहीको भैरहवा-बुटवल क्षेत्रलाई नेपालको प्रमुख बाणिज्यिक शहरको रुपमा विकास गर्न, प्युठान-स्वर्गद्वारी, अर्घाखाँची-छत्रदेव, पाल्पा-भैरवस्थान, गुल्मी-रिडी संगम स्थलहरूलाई अन्तर्राष्ट्रिय सीमा नाकासँग सुगम सडक पहुँच सहित जोड्दै सांस्कृतिक पर्यटनमार्फत रोजगारी विकास गर्न,बाह्य पर्यटक प्रवर्द्धन गर्न अयोध्या र गुल्मीस्थित श्रीङ्गी तपोस्थल रेसुंगाबीच सांस्कृतिक सम्बन्ध स्थापित गरि वैदिक सांस्कृतिक सम्बन्ध विस्तार कार्ययोजना अघि बढाउन, लुम्बिनी बौद्ध विश्वविद्यालयलाई अन्तर्राष्ट्रिय स्तरमा गुणस्तरीय पहिचान दिलाई विश्वभरिका बौद्ध विद्वानहरुको केन्द्रको रुपमा विकास गर्न,पाल्पाका केहि क्षेत्रहरु भौगोलिक हिसाबले विकट रहेका र प्रशस्तै खानेपानी आयोजनाहरू अधुरा अवस्थामै रहेका सन्दर्भमा, ती आयोजनाहरुको समयमै सम्पन्न गर्न पर्याप्त बजेट विनियोजन गर्न, नेपालकै प्रसिद्ध शक्तिपीठका रूपमा स्थापित धार्मिक आस्थाको केन्द्र रम्भादेवी क्षेत्रको समुचित विकास, संरक्षण तथा व्यवस्थापनका लागि आवश्यक धार्मिक तथा पर्यटकीय पूर्वाधार निर्माण गर्न विशेष कार्यक्रम तथा बजेटको व्यवस्था गर्न ,वैदिक ग्रन्थहरूमा उल्लेखित कालिगण्डकी सभ्यतालाई संवर्द्धनका लागि कालिगण्डकी सभ्यता अध्ययन-अनुसन्धान संस्था स्थापना गर्न तथा कालिगण्डकी उपत्यका क्षेत्रलाई वैदिक सांस्कृतिक पर्यटन क्षेत्रको रुपमा विकास गर्न 'वैदिक स्मार्ट सिटी' बनाउने अवधारणाका लागि प्रयाप्त नीति तथा बजेट विनियोजन गर्न पनि सांसद रानाले प्रधानमन्त्री समक्ष माग गरेका छन् । केही दिनयता प्रधानमन्त्री बालेन्द्र शाहले प्रत्यक्ष निर्वाचित सांसदहरूलाई प्रधानमन्त्री कार्यालयमै बोलाएर सुझाव लिइरहेका छन् । उनले सबै प्रदेशका सांसदहरूसँग छुट्टाछुट्टै भेट र छलफल गरी विकास निर्माण, सुशासनलगायतका विषयमा सुझाव मागेका छन् । प्रधानमन्त्री शाह सातै प्रदेशका सांसदहरूबाट सुझाव लिएर सोहीअनुसार बजेट निर्माण, शासकीय सुधारलगायत विषयमा वृहत योजना बनाउने तयारीमा छन् । प्रधानमन्त्रीको रुपमा उनले सांसदहरूसँग प्रत्यक्ष संवाद गरी त्यहाँको मनोविज्ञान, भौतिक आवश्यकता बुझ्ने प्रयास गरिरहेका छन् ।

वर्गिकृत डिस्प्ले

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई